प्रस्ताव नं. २ मा छलफल गर्दा यस गाउँपालिकाको भवन निर्माणका लागि यसै गाउँ कार्यपालिकाको मिति २०७४ साल माघ ५ गतेको बैठकको निर्णय अनुसार गाउँपालिकाको केन्द्र सबैलाई पायक पर्ने स्थानमा राखि भवन निर्माण गर्ने उद्धेश्यले बनियानी बजार देखि दक्षिण बाँगा डागी चोक देखि पूर्व उत्तर पट्टिको भागमा चाराली केचना राजमार्गको दायाँ बायाँ १०० मिटर भित्र गाउँपालिकाको केन्द्र तोक्ने निर्णय गरि गाउँ परिषदबाट सो निर्णय अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

यस सम्बन्धमा मिति २०७४ साल माघ १५ गते बसेको यस गाउँपालिकाको प्रथम गाउँसभाबाट यस क्षेत्रका सबै सेवा ग्राहिको सेवा सूविधा पुग्ने स्थान, यस गाउँपालिकाको क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्था र सेवा प्रवाहको स्थीती अनुसार गाउँपालिका केन्द्र स्थापनाको लागि उपलब्ध हुने जग्गा यातायातको लागि सुगम रहेको स्थान बनियानी बजार देखि दक्षिण बाँगाडाँगी चोक पुर्व उत्तर पट्टिको भागमा चाराली केचना राजमार्गको दायाँ बायाँ ४०० मिटर भित्र गाउँपालिकाको केन्द्र तोक्न उपयुक्त देखिएको भनि हाल कायम रहेको गाउँ सभाको सदस्यको दुई तिहाई बहुमतले निर्णय भएको ।

सो पश्चात गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७४।१२।१५ मा सो आसपासका जग्गा दाताहरुबाट गाउँपालिकाको नाममा निशुल्क जग्गा प्राप्तिका लागि ७ दिने म्याद सहितको सूचना प्रकाशन गरिएकोमा सूचना अनुसार तोकिएको क्षेत्रभित्र कचनकवल गाउँपालिका वडा नं. ७ साविक बालुबाडी गा.वि.स. वडा नं. ७, कि.नं. १०१ सिट नं. १८०/८४३ को जग्गाबाट भद्रपुर नगरपालिका वडा नं. ९ निवासी प्रविण अग्रवालबाट ०-१०-०० विघा (ज.हे. १७५१७.३७) निशुल्क दान गर्ने निवेदन प्राप्त भएको ।

सो निवेदनको आधारमा प्राप्त हुने जग्गा कम हुने भएकाले थप ५ कठा निशुल्क दान दिन लगाउने गरि यस गाउँ कार्यपालिकाको मिति २०७५।३।११ गतेको निर्णय भएकामा सो मुताबिक थप जग्गा दिन समेत जग्गा धनी निज प्रविण अग्रवाल मंजुर भई मिति २०७५।०३।१८ मा जग्गा दाताको तर्फबाट यस कार्यालयमा निवेदन पेश गरिएको ।

सोहि अनुसार यस कार्यालयको च.नं. १६५६, मिति २०७५।३।२७ को पत्रबाट मालपोत कार्यालय भद्रपुरलाई पत्राचार गरि यस कार्यालयको नाममा जिल्ला झापा साविक बालुवाडी गा.वि.स. वडा नं. ७ साविक कि.नं. १०१ कि.का. गरि नक्सा सिट नं. १८००८४३ कि.नं. १७७ नयाँ कित्ता नं. कायम गरि कुल ज.हे. ५०७९.४५ वर्ग मिटर (०-१५-०-० विघा) जग्गा यस कार्यालयको नाममा निशुल्क प्राप्त भई धनिपुर्जा समेत प्राप्त हुन आएकोमा यस कार्यपालिकाको आजको बैठकमा उपस्थित गाउँ कार्यपालिका सदस्यहरुको बहुमतबाट गत प्रथम गाउँ सभाबाट पारित भएको निर्णयलाई नै आवश्यक कार्वाही गरी स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ४ को उपदफा ३ बमोजिम कार्यान्वयनका लाीग यथाशिघ्र प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउने निर्णय गरियो ।

आज मिति ०७५ असोज ११ गते का दिन कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरी निर्णयसमेत गरीयो .........

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशला गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहादुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |

**वैठकमा पेश भएका प्रस्तावहरुः**

१. दोश्रो गाउँ सभाको समिक्षा सम्वन्धमा ।

२. गाउँ कार्यपालिकाको प्रवक्ता चयन गर्ने सम्वन्धमा ।

३. स्थानीय राजपत्र प्रकाशन गर्ने कार्यविधि, २०७५ को मसौदमा  पारित गर्ने सम्वन्धमा ।

४. जि.स.स. झापाबाट काजमा पठाइएका कर्मचारी फिर्ता गर्ने तथा अन्यत्र काज खटिएका कर्मचारी सम्वन्धमा ।

५. अमिन करार सेवामा लिने सम्वन्धमा ।

६.आदर्श प्रा.वि.मा कार्यरत निजी  श्रोतका शिक्षक श्री देवीमाया पैकारेको पारिश्रमिक थप सम्वन्धमा ।

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको दोश्रो गाउँ सभा यही मिति २०७६।०५।२१ देखि आह्वान भई सभा सन्चालनमा रहेको क्रममा गाउँ सभाका सदस्यहरुबाटै सभामा भएको अमर्यादिन व्यवहारबाट पाठ सिक्दै अव आइन्दा गाउँ सभा वा गाउँ कार्यपालिकाको बैठकलाई सभ्य एवं सौहार्द रुपमा सन्चालन गर्न सबै सदस्यहरुले सभा तथा बैठक सन्चालन सम्वन्धी कार्यविधिमा व्यवस्था भएका अनुशासन तथा आचरणका विषयहरुमा विशेष ध्यान दिई अनुशासन पालना गर्ने गराउने, निर्णय माइन्युट हुनु अघि बैठकका निर्णयहरुलाई गोपनियता कायम राख्नु पर्ने, वडास्तरीय तथा गाउँपालिकास्तरीय योजना तथा आयोजनाहरु छनौट गर्दा सबैको सहमति कायम गर्ने गराउने विषयलाई महत्वका साथ लिनु पर्ने, अमर्यादित व्यवहार गर्ने सदस्यहरुउपर सभा सन्चालन सम्वन्धी अनुशासन उलंघन गरे वापत आत्मआलोचना गर्न लगाउनु पर्ने, यस गाउँपालिको समृद्धि र जनतामा सुशासनको अनुभूति दिलाउन सबै एकजुट भई लाग्नु पर्ने भनी यस गाउँपालिकाको दोश्रो गाउँ सभाको समिक्षा गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिको गाउँ सभा वा गाउँ कार्यपालिकाबाट भए गरेका निर्णहरुलाई एकद्वार पद्धति मार्फत सूचना प्रवाह गर्न, स्थानीय सरकारको  गतिविधिलाई सही रुपमा जनमानसमा लैजान एक जना कार्यपालिकाका सदस्यलाई प्रवक्ता तोकी जिम्मेवारी सम्पनु पर्ने भएको हुँदा यस गाउँकार्यपालिकाका सदस्य श्री लक्ष्मीनारायण यादवलाई प्रवक्ताको जिम्मेवारी दिने निर्णय सर्वसम्मतबाट गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट पारित भएका ऐन, नियमावली तथा कार्यविधि समेतलाई व्यवस्थित रुपमा प्रकाशन गर्दै जनताका सूसुचित हुने हकलाई प्रत्याभूत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार स्थानीय राजपत्र प्रकाशन गर्न ***कचनकवल गाउँपालिकाको राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७५*** को मसौदालाई पारित गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँकार्यापालिकाको सहमति विना जि.स.स.झापाबाट यस गाउँ कार्यपालिकामा काज खटाइएका करार तथा आयोजना तर्फका कर्मचारीहरु श्री सुस्मिता नेपाल, श्री आदित्य पौडेल काजमा खटिई कामकाज गर्दै आउनु भएकोमा यस गाउँपालिकाको आन्तरिक आय, बढ्दलो वित्तीय भार समेतलाई मध्येनजर राख्दै जि.स.स.झापा मै जाने गरी काज फिर्ता गर्ने, यसैगरी यस कार्यालयमा रहेको हलुका सवारी साधन सन्चालन गर्न ह.स.चा.श्री सञ्जय भुइमाली आउनु भन्दा अगाडिदेखि नै ह.स.चा.को रुपमा श्री सोम बरालले कामकाज गर्दै आउनु भएकोले अहिले नै एक पदमा दुई जना कर्मचारी राखी राख्न गाउँपालिकालाई वित्तीय भार थप हुन गएको हुँदा निजलाई समेत जि.स.स. झापामै काज फिर्ता गर्ने साथै काज फिर्ता हुनुहुने तीनै जना कर्मचारीलाई असोज महिना सम्मको मात्र नियमानुसार पाउने पारिश्रमिक तथा तलव समेत खुवाउने निर्णय सर्वसम्मतबाट गरियो ।

यसैगरी यस गाउँपालिका अन्तर्गत विभिन्न कार्यालय तथा विद्यालयमामा दरवन्दी राखी अन्य जिल्ला वा स्थानीय तहहरुमा काजमा रहनु भई यस गाउँ कार्यपालिकाबाट तलव भत्ता खाइरहनु भएका कर्मचारीहरुलाई यथाशिघ्र काज फिर्ताका लागि कारवाही अघि बढाउने, सो पछि समेत हाजिर हुन नआउने कर्मचारीहरुका तलव भत्ता तत्काल रोक्का राख्न समेत प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत नयाँ बन्ने घरहरुलाई पछिसम्म फरक नपर्ने गरी निर्माण गर्न र समाजमा रहेका छरछिमेकीहरु वीच आपसी जग्गा खिचोला समेत हुन नदिनका साथै जग्गा नापजाँज सम्वन्धी समस्याहरुलाई स्थानीयस्तरमा समाधान गर्न यस कार्यालयको लागि अति आवश्यक भएको अमिन पद तत्काल करार सेवाबाट छनौट गर्न प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत श्री आदर्श प्रा.वि. कचनकवल वडा नं. २ मा विगत लामो समयदेखि साविक गाविसको निजी स्रोतमा कामकाज गर्दै आउनु भएको शिक्षिका श्री देवीमाया पैकारेलाई मासिक रु. ३०००।- (तीनहजार) मात्र दिईंदै आएकोमा हालको बजारमूल्य, यस गाउँपालिकाको वित्तीय स्थितिसमेतलाई ख्यालराख्दै निजलाई यस महिनादेखि मासिक रु. ८०००।- (आठहजार) पारिश्रमिक दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

आज मिति ०७५ आश्विन २१ गते का दिन कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा वैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरीयो ........................................................

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशला गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहादुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

बैठकमा छलफलका लागि पेश भएका प्रस्तावहरु:

१. समिक्षा सम्वन्धमा ।

२. सामजिक सुरक्षा भत्ता प्रभावकारी ढंगले वितरण गर्ने सम्वन्धमा ।

३. बडादशैं, तिहार तथा छठ पर्वको शुभकामना आदान प्रदान सम्वन्धमा ।

४. नव दुर्गा पूजाको लागि सहायता रकम सम्वन्धमा ।

५. दशैं तिहार तथा छठ पर्वका बखत शान्ति सुरक्षा कायम राख्ने सम्वन्धमा ।

६. मेलपिलाप केन्द्र तालिम सन्चालन सम्वन्धमा ।

७. उपभोक्ता समिति गठन सम्वन्धमा ।

८. टोल विकास संस्था गठन सम्वन्धमा ।

९. गत आ.व.०७४।०७५ को भुक्तानी छुट सम्वन्धमा ।

निर्णय नं. १ :

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाले हालसम्म गरेको निर्णयहरु मध्ये सबै निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको, केही कामहरु समयमा सम्पन्न हुन नसकेकोकोमा सो कार्यहरु सबैको समन्वय सहयोगमा समयमै गर्ने गराउने निर्णय सहितको समीक्षा गरियो ।

निर्णय नं. २:

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई भरपर्दो एवं व्यवहारिक हिसावले सरल सहज बनाई सम्वन्धित व्यक्तिकै हातमा पुग्ने व्यवस्था मिलाउन सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि ,२०७५ को परिच्छेद ४ दफा १६ ( घ) मा भएको व्यवस्था वमोजिम बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगई सकेको स्थानीय तहको हकमा सम्वन्धित वडा समितिको रोहवरमा भत्ता वितरण गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले यस कार्यालय अन्तर्गत कार्यरत रहेका वडा सम्वन्धित वडाका वडा अध्यक्षहरुको रोहवरमा सम्वन्धित वडाका वडा सचिवहरुलाई सामाजिक सरक्षा भत्ता रकम बुझाई दशै अगाडि नै सेवाग्राहीहरुलाई भत्ता रकम बुझाई सोको भरपाई यस कार्यालयमा पेश गर्ने गराउने निर्णय पारित गरियो । साथै अर्को चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम बैंकिंग प्रणालीबाट वितरण गर्ने गराउने गरियो ।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ उपर छलफल गर्दा नजिकिदैं गरेको २०७५ सालको वडादशैं, तिहार तथा छठ पर्वको अवसरमा आम कचनकवल गाउँबासी तथा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मिति २०७५।०६।२८ का दिन सबै गाउँपालिकाका गाउँ सभा सदस्यहरुको समेत उपस्थितिमा सामुदायिक भवनमा भेला भई शुभकामना आदान प्रदान कार्यक्रम राख्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विभिन्न वडामा रहेका टोल समुदाय तथा इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरु समेतबाट आर्थिक सहायता माग भइ आएको हुँदा देहाय वमोजिमको गाउँ सभाबाट पारित सम्वन्धित खर्च शीर्षकबाट विनियोजन गरी दिने दिने निर्णय गरियो .....

१. दुर्गा पुजा तथा सुरक्षा निकायहरुका लागि प्रत्येक वडाहरुलाई प्रति वडा रु. ३०,०००।- (सि.नं. ५३, विविध कार्यक्रम खर्च, खर्च शीर्षक नं. २२५२९, )

२. तीज पर्वका अवसरमा महिला दिदी बहिनीहरुको निवेदनलाई सम्वोधन गर्न ६ वटाहरुलाई प्रति वडा रु. १०,०००।- (सि.नं. ५३, विविध कार्यक्रम खर्च, खर्च शीर्षक नं. २२५२९, )

३. बनियानी बजारमा रहेको दुर्गा मन्दिरको लागि रु. २५०००।- (सि.नं.२९, धार्मिक संघ संस्थालाई दिने अनुदान, खर्च शी.नं.२५३१४)

४. घेरावारीको कुटी दुर्गा मन्दिरलाई रु. २०,०००।-(सि.नं.२९, धार्मिक संघ संस्थालाई दिने अनुदान, खर्च शी.नं.२५३१४)

५. पाठामारीको काली मन्दिरका लागि रु. १०,०००।- (सि.नं.२९, धार्मिक संघ संस्थालाई दिने अनुदान, खर्च शी.नं.२५३१४)

६. खेलकुद शीर्षकमा विनियोजन भएको रकमबाट आदर्श क्रिकेट ल्कबलाई रु. २०,०००।- ( सि.नं.११, कचनकवल गोल्ड कप सन्चालन तथा अन्य खेलकुद कार्यक्रमबाट, खर्च शीर्षक न.. ३११५९)

७. सन्थाल जाती उत्थान सेवा समाज कचनकवल - १ लाई रु. १०,०००।- (सि.नं.५१, लक्षित वर्गको कार्यक्रमबाट, खर्च शीर्षक नं. ३११५९ पूँजिगतबाट)

८. मोहर्रम पर्वका लागि वडा नं. ४ र ५ लाई रु. १०,०००।- का दरले रु. २०,०००। (सि.नं.२९, धार्मिक संघ संस्थालाई दिने अनुदान, खर्च शी.नं.२५३१४)

९. अपाङ्ग सेवा समाजलाई रु. १०,०००।- (सि.नं.५१, लक्षित वर्गको कार्यक्रमबाट, खर्च शीर्षक नं. ३११५९ पूँजिगतबाट)

१०. कार्यपालिका सदस्य श्री लक्ष्मी देवी लिम्बुलाई दोश्रो गाउँ सभाका सञ्चालनका क्रममा भएको वादविवादका वखत लागको चोटपटक उपचारका लागि लागेको वील वमोजिमको रकममा बढीमा रु. २५,०००।- सहयोग दिने । (सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

११. बनियानी बजारमा हुन गइरहेको बृहत युवा सांस्कृतिक कार्यक्रमका लागि रु. ५०,०००।- ( सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

१२. आगलागि तथा अन्य विपद घटनामा परेका पिडितलाई अवस्था हेरी बढीमा रु. ५०००।- सम्म अध्यक्षको निर्णयबाट सिधै दिने निर्णय गरियो । (सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

१३. गाउँपालिका महासंघ सदस्यता शुल्क रु. १०,०००। (सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

१४. अ.ने.स्व.वि.यू.(छैठौं) २१ राष्टिय सम्मेलन सहायतबाप) रु. ५०००।-(सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

१५. सीतागढी युवा परिवार रु. १०,०००।- (सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

१६. बालुवाडी पुरानो बजारको दुर्गा पूजाका लागि रु. ६०००।- (सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

१७. जागृती महिला समूह तीज कार्यक्रमका लागि रु. ५०००। (सि.नं.६, अन्य सहायता, खर्च शी.नं.२५३१५)

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा दशै तिहार तथा छठ पर्वका समयमा हुन सक्ने सम्भावित अवाञ्छित गतिविधि तथा गैर कानूनी क्रियाकलापहरु नियन्त्रण तथा नियमन गर्न गराउन सबै सुरक्षा निकायहरुका प्रमुखहरुलाई यस कार्यालयमा आमन्त्रण गरी मिति ०७५।६।२५ का दिन बैठक बसी छलफल गरी यस गाउँपालिका भरी दिगो शान्ति तथा अमनचयन कायम राख्न विशेष पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस गाउँपालिकाको न्यायिक समितिको कामकाजलाई प्रभावकारी रुपमा सञ्चालन गरी सहज सरल ढंगले आफ्नो क्षेत्राधिकार भित्रको न्यायिक कार्य सम्पादन गर्न गराउन दशैं पछि मेलमिलाप केन्द्र गठन तथा तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका योजनाहरुलाई प्रभावकारी ढंगले सन्चालन गरी समयमै सम्पन्न गर्न गराउन सबै वडाका वडा समितिहरुको रोहवरमा टोलबासीहरुको आम भेला गराई कात्तिक मसान्त भित्र उपभोक्ता समिति गरी सोको जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने र उपभोक्ता समिति गठन गर्दा सो समितिमा गाउँपालिका तथा जिल्लास्तरीय राजनैतिक दलका पदाधिकारी, शिक्षक, कर्मचारी समावेश नगराई गठन गर्ने, साविकको योजना फरफारक नगरी वेरुजु दामासाहीमा परेका व्यक्ति वा एक उपभोक्ता समितिमा रहेका व्यक्ति सो योजना सम्पन्न नगरेसम्म अर्को उपभोक्ता समितिमा रहन नदिने, एकाघरकै व्यक्ति एक उपभोक्ता समितिमा एक जना भन्दा वढी रहन नदिने व्यवस्था समेतलाई ख्याल गरी आम सहमतिमा उपभोक्ता समिति गठन गर्ने गराउने निर्णय गरियो ।

पुनश्चः गाउँपालिकास्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाको प्रतिनिधिको रोहवरमा मात्र गर्ने गराउने निर्णय गरियो ।

निर्णय ८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा अर्को बैठकबाट टोल विकास संस्था गठन सम्वन्धी कार्यविधि पारित गरी तिहार पछि सबै वडाहरुमा टोल विकास संस्था गठन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ९.

प्रस्ताव नं. ९ उपर छलफल गर्दा गत आ.व.०७४।०७५ मा काम सम्पन्न भई भुक्तानी दिन बाँकी रहको आयोजना तथा गतिविधिहरुमध्ये दोश्रो गाउँ सभाबाट भुक्तानी दिन बाँकी आयोजनाहरुको सूचीमा देहायका आयोजनाहरु छुट भएकोले सो आयोजनाहरुको रकम वित्तीय समानीकरण वजेट शीर्षक अन्तर्गत सि.नं.८६, मर्मम सम्भार विशेष कोष खर्च शीर्षक नं. ३११५८ बाट भुक्तानी दिने गरी निर्णय गरियो ........

क) गगन प्राथमिक विद्यालयदेखि विशाल बस्ती छेउको कल्भर्ट सम्म बाटोको खाल्डा पुर्ने काम रु. ५४,०००।-

ख) गोवर्द्धन बस्तीदेखि डाँडा गाउँ शिवालय जाने सडक मर्मत सम्भार रु.६०,०००।-

आज मिति ०७५ कार्त्तिक १७ गते का दिन कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरीयो ..................................................................

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशला गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहाकुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सदस्य | श्री अमृतादेवी बोगटी | ९८१५०९३९०४ | |
| १६ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

बैठकमा छलफलका लागि पेश भएका प्रस्तावहरु:

१. समिक्षा सम्वन्धमा ।

२. वर्षातको समयमा भएको सडक मर्मतको रकम भुक्तानी सम्वन्धमा ।

३. वडा नं. ५ स्थित मेची नदीको  सम्वन्धमा तारघाट लौरी ठेक्का सम्वन्धमा ।

४. पानी छिट्ने ट्याकी र व्याकहो लोडर खरिद सम्वन्धमा ।

५. सडकमा ग्रेडर तथा रोलर लगाई सडक मर्मत गर्ने सम्वन्धमा ।

६. गाउँपालिकास्तरीय सामुदायिक प्रहरी समिति गठन सम्बन्धमा ।

७. सूचना प्रविधि जडान सम्वन्धमा ।

८. छोटी भन्सार सन्चालन सम्वन्धमा ।

९. विविध ।

निर्णय नं. १ :

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँपालिका मा संचालन हुने योजनाहरुको ल.ई. अंग्रेजीबाट बनाइँदै आएकोमा अव उप्रान्त सबैले सरल रुपमा बुझ्ने गरि नेपालीमा तयार गर्ने, योजना संचालन गर्ने उपभोक्ता समितिलाई कागजात मिलाउन नआएकोले गत वर्ष कार्य सम्पन्न भएको योजनाको भुक्तानी यस आ.व. मा लिनुपर्ने बाध्यता रहेकोले उपभोक्ता समितिको पदाधिकारीहरुलाई तालिमको व्यवस्था गर्ने, प्राविधिक मुल्यांकन  समयमै गर्ने गराउने भनि निर्णय पारित गरियो ।

निर्णय नं. २ :

प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०७५।०३।१८ गतेमा गाउँ कार्यपालिका स्तरिय बैठकले बर्षातको समयमा विशेष परिस्थीती सिर्जना भई बिग्रीएको बाटो मर्मत गर्न भनि मर्मत संभार सम्पन्न गरी भुक्तानीको लागि २०७५।०७।१४ गते टिप्पणी तथा आदेश उठेको सम्बन्धमा यस गाउँ पालिकाको दोस्रो गाउँ सभाले रु. ३०,००,०००।- (अक्षरुपी तिस लाख) सम्म लागतको आयोजनाहरु उपभोक्ता समितिलाई काम काज गर्न दिने नीति तथा कार्यक्रम पारित गरेको भएता पनि वर्षातको सिजनका

कारण विशेष परिस्थितिमा उपभोक्ता समितिले रु. ७४,००,०००।- (अक्षरुपी चौहत्तर लाख मात्र) को काम गरी भुक्तानि माग गरेको हुँदा सो रकम सम्बन्धीको टिप्पणी तथा आदेश यस गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरि सो रकमको भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं. ३ :

प्रस्ताव नं. ३ उपर छलफल गर्दा सो सम्बन्धमा मेची नदीको घाट लौरी ठेक्का के कसो भएको हो सो बारेमा यथार्थ बुझी निर्णयमा पुग्न जिल्ला समन्वय समिति झापाबाट सो ठेक्का सम्बन्धी भएको निर्णय सहितको फाईल मगाई सो विषयमा सरोकारवाला पक्षहरुसँग छलफल गरि टुंगामो पुग्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४ :

प्रस्ताव नं. ४ उपर छलफल गर्दा हिउँद मास भरी नै मूल बजार तथा सडक आसपासका क्षेत्रहरुमा सडकको धुलोका कारण आम जनताको स्वास्थ्यमा प्रतिकुल असर परी रहेको र धुलो नियन्त्रण गर्न गराउन भनी पटक पटक जनगुनासो समेत आइरहेकोले सो समस्या निवारण गरी जनताको स्वस्थ वातावरणमा जीउन पाउने अवसरलाई सम्वोधन गर्न यस गाउँपालिकालाई १ थान पानि छिट्ने ट्याकी यस कार्यालयमा रहेको ट्र्याक्टरमा पानी ट्यांकी सहितको ट्रली खरिद गर्ने र पटक पटक सडक मर्मत गरी रहनु पर्ने, सो कार्यका लागि हरेक वर्ष वजेट विनियोजन गरी रहनु पर्ने, अत्यावश्यक परेको बखत निजी भाडाका लोडर, एक्जाभेटर समेत उपलव्ध नहुने, भैहाले पनि अधिक दरका कारण खर्चको अधिक भार गाउँपालिकालाई पर्न जाने भएकोले गाउँ सभाबाट पारित पूँजीगत बजेटको कन्टिन्जेन्सी रकम तथा अन्य शीर्षकहरु समेतबाट बजेट मिलान गर्ने गरी तत्काल थान १ व्याकहोलोडर खरिद प्रक्रिया अगाडि बढाउने निर्णय पारित गरियो ।

निर्णय नं. ५ :

प्रस्ताव नं. ५ उपर छलफल गर्दा तपशिल बमोजिमका बाटोहरुमा भएको खाल्डाखुल्डीहरुको मर्मतका लागि सडकमा ग्रेडर चलाई मर्मत गर्ने भनि निर्णय गरियो

तपसिल:

१) बाह्रदशी सिमाना देखि कचन कवल गा.पा. वडा नं. १ को वडा कार्यालय सम्म ।

२) वडा नं. १ को वडा कार्यालय देखि उत्तर जंगल सम्म ।

३) लाहुरे चौक देखी सिसु पुल सम्म ।

४) सिंगीमाडी पुल देखी वडा नं. ७ को वडा कार्यालय सम्म जोडिने बाटो ।

५) वडा नं. ३ को कटवाल चोक देखी डाँगीबारी सम्म ।

६) पथरिया मा.वि. देखि हात्तिवाला डाँगीबारी सम्म ।

७) आमवाडी देखि वोडो केचना हुदै इसरायल गाउँ सम्म ।

८) पाठामारी साविक ९ चौक देखि नयाँ बस्ती सम्म ।

९) वडा नं. २ को वाँगा डाँगी बाट उत्तर पश्चिम तिर ।

१०) आदर्श टोल मुल सडक देखि दक्षिण केचना सम्म ।

११) महेन्द्र मा.वि. चौक देखि पूर्व शारदा प्रा.वि. सम्म ।

१२) पाठामारी वडा कार्यलय देखी साविक पाठामारी वडा नं. ३ सम्म ।

१३) मणि सुब्बाको घर छेउ बाट पश्चिम गंगाराई को घर सम्म ।

निणर्लय नं. ६ :

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गा.पागाउँपालिकास्तरी समुदाय प्रहरी समितिमा सदस्यको रुपमा वडाध्यक्षहरु मध्येबाट एक जना वडाध्यक्ष छान्नु पर्ने प्रावधान रहेकोले सो पदमा यस गा.पा.को वडा नं. १ का वडाध्यक्ष श्री लक्ष्मीनारायण यादवलाई चयन गर्ने निर्णय पारित गरियो । साथै पालिकास्तरीय संघ संस्थाको सदस्यहरु मनोनयन गर्नको लागि मिति २०७५।०७।१९ गते बैठक बस्ने निर्णय गरियो ।

निणर्लय नं. ७ :

यस गाउँ कार्यपालिकाको कार्यालयमा सर्भर राखी अन्तर्गतका ७ वटै वडाहरुलाई नेटवर्कमा आवद्ध गराई सूचना प्रविधिमा आधारित सेवाको आधार खडा गर्न, गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुको कामकाजलाई पारदर्शी बनाउन, आन्तरिक आय तथा राजस्व संकलन पद्धतिलाई कम्प्युटर प्रणालीमा आधारित बनाई विश्वासीलो, भरपर्दो एवं गुणस्तरीय सेवा प्रवाह गर्न गराउन, सबै वडा कार्यालयहरुमा समेत सी.सी. क्यामेरा जडान गरी नियमन तथा सुरक्षा व्यवस्थालाई मजवुत पार्न र समग्रमा यस गाउँपालिकालाई नै सूचना प्रविधिमैत्री गाउँपालिका बनाउँदै लैजान आवश्यक भएको र सोही अनुसार यस गाउँपालिकाको विनियोजन ऐन, २०७५ ले ३५,००,०००।- वजेट विनियोजन समेत गरेको हुँदा सो अनुसार के कतिमा काम गर्न गराउन सकिन्छ सर्भे गरी लागत स्टिमेट तयार गर्न र आवश्यक सफ्टवेयरसमेत खरिद गर्न खरिद प्रक्रिया समेत अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ८:

प्रस्ताव नं. प्रस्ताव ८ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत चारआली केचना राजमार्गको कचनकवल वडा नं. ४ केचना बजार, वडा नं. ५ को पाठामारी नयाँ बजार र वडा नं. १ स्थित घेरावारीको बोडर क्षेत्रमा छोटी भन्सार कार्यालय स्थापना गर्न सम्वन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ९:

प्रस्ताव नं. ९ उपर छलफल गर्दा लोपोन्मुख कुमाल जाति समुदाय उत्थानका लागि रु. १०,०००।- ( अक्षरुपी दश हजार मात्र) विनियोजन गर्ने साथै पुर्व प्र.प्र.अ. श्री रेखनाथ दाहाल ज्यू लाई सेवा कालीन तालिमका लागि रु. २५,०००।- (अक्षरुपी पच्चिस हजार मात्र) दिने र वडा नं. १ को समावेशी साँस्कृतिक कार्यक्रमको खर्च भुक्तानीका लागि रु. २०,०००।- (अक्षरुपी विस हजार मात्र) दिने भनि निर्णय गरियो ।

आज मिति ०७५ मंसिर १९ गते का दिन कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा वैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरी निर्णयसमेत गरीयो .........

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशला गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहादुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | का.वडाअध्यक्ष ६ नं वडा | श्री धनबिर तामाङ्ग | | |
| २ | | | | |
| ३ | | | | |

**बैठकमा प्रस्तुत हुने प्रस्तावहरु :**

१.कचनकवल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७५ को मसौदा छलफल तथा पारित सम्वन्धमा ।

२. गा.पा.स्तरीय तथा वडास्तरीय खेलकुद परिषद गठन सम्वन्धमा ।

३. विषयगत शाखाको बजेटको आयोजना तथा कार्यक्रम चयन सम्वन्धमा ।

४. अपाङ्गता भएका व्यक्तिहरुको अभिलेख संकलन तथा सा.सु.भत्ता वितरण सम्वन्धमा ।

५. बनियानी प्राथमिक स्वास्थ्य केन्द्रमा एमबिबिएस डाक्टरको व्यवस्था गर्ने सम्वन्धमा ।

६. आ.व.०७५।०७६ का लागि गाउँपालिकास्तरीय अनुगमन समिति गठन सम्वन्धमा ।

७. पटके सवारी कर ठेक्का सम्वन्धमा ।

८. भुक्तानी बाँकी रकम सम्वन्धमा । (ह्युमपाईप तथा सडक मर्मत)

९. जनप्रतिनिधि अनुशिक्षण कार्यक्रम सम्वन्धमा ।

१०. करार कर्मचारी पदपूर्तिका लागि जिम्मेवारी दिने सम्वन्धमा ।

११. छात्रवृत्ति वितरण सम्वन्धमा ।

१२. मेचि नदिको घाट लौरी ठेक्का सम्बन्धमा ।

१३. खुला दिशामुक्त खर्च भुक्तानी गर्ने सम्बन्धमा ।

१४. शिव सताक्षी मन्दिर सहयोग सम्बन्धमा ।

१५. टोटल स्टेसन खरिद सम्बन्धमा ।

१६. सलेमा इटा उद्योग नविकरण सिफारिस सम्बन्धमा ।

निर्णयहरुः-

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कचनकवल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७५ को मस्यौदा उपर दफावर रुपमा छलफल गरी सो कार्यविधि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा भित्र गाउँ कार्यपालिका सदस्य श्री विजय कुमार राजवंशीको संयोजकत्वमा देहाय बमोजिम पदाधिकारीहरु रहने गरी कचनकवल खेलकुद परिषद गठन गरियो साथै यस परिषदले गाउँपालिकास्तरीय कचनकवल खेलकुद समिति र प्रत्येक वडामा वडा स्तरीय खेलकुद समिति गठन गर्ने गराउने निर्णय पारित गरियो ।

| | |
|---|---|
| १. संयोजक | वडाध्यक्ष श्री विजय कुमार राजवंशी |
| २. सदस्य | वडाध्यक्ष श्री लक्ष्मी नारायण यादव |
| ३. सदस्य | वडाध्यक्ष श्री मेख बहादुर भट्टराई |
| ४. सदस्य | वडाध्यक्ष श्री प्रमानन्द सिंह राजवंशी |
| ५. सदस्य | वडाध्यक्ष श्री महेशलाल गणेश |

६. सदस्य वडाध्यक्ष श्री कुल बहादुर कार्की
७. सदस्य वडाध्यक्ष श्री भरत राजवंशी
८. सदस्य कार्यपालिका सदस्य श्री लक्ष्मी देवी लिम्बू
९. सदस्य कार्यपालिका सदस्य श्री रितादेवी परियार
१०. सदस्य कार्यपालिका सदस्य वडाध्यक्ष श्री रेनुका दर्जी
११. सदस्य कार्यपालिका सदस्य श्री इन्द्रकला गणेश
१२. सदस्य कार्यपालिका सदस्य श्री हेमलाल गणेश
१३. सदस्य कार्यपालिका सदस्य श्री अमृता देवी बोगटी
१४. सदस्य स्वास्थ्य शाखा प्रमुख
१५. सदस्य शिक्षा शाखा प्रमुख
१६. सदस्य सचिव योजना शाखा प्रमुख

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विषयगत शाखाको बजेटको आयोजना तथा कार्यक्रम चयन अगामी बैठकबाट गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अपांगता भएको व्यक्तिहरुको अभिलेख संकलन तथा अध्यावधिक गर्न सामाजीक सुरक्षा शाखाको शाखा प्रमुखको नेतृत्व, एन.एल.आर.को सहजकर्ता समेतबाट वडा समितिको उपस्थितिमा प्रत्येक वडाको टोल टोलमा गई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अवस्थाका व्यक्तिहरु कोही पनि नछुट्ने गरी अभिलेख संकलन गर्ने तथा यस गा.पा. को सम्पूर्ण वडाबाट वितरण हुने आ.व. २०७५।७६ को दोस्रो किस्ता सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैकिंग प्रणालीमा लान पायक पर्ने बैंकसँग सम्झौता गरी पूर्ण अशक्तबाहेक सबै लाभग्राहीहरुले अनिवार्य रुपमा बैंकमा व्यक्तिगत खाता खोली बैंकबाट वितरण गर्ने भनी निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बनियानी प्राथमिक स्वास्थ्य केन्द्रमा एम.बि.बि.एस. डाक्टरको अभाव भई सेवा प्रवाहमा समस्या सिर्जना भएकोले स्वास्थ्य मन्त्रालय लगायत सम्बन्धित निकायमा माग गर्न पत्राचार गर्ने र तालुक निकायबाट सो माग उपर सम्वोधन नभएमा करार सेवाबाट लिनका लागि आवश्यक प्रक्रिया समेत अघि बढाउने भनी निर्णय पारित गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७५।०७६ मा यस गा.पा.तथा वडा कार्यालयहरु र अन्य निकायहरु समेतबाट संचालन हुने आयोजनाहरु अनुगमनका लागि गा.पा. उपाध्यक्षको संयोजकत्वमा देहाय वमोजिम अनुगमन समिति गठन गर्ने निर्णय पारित गरियो ।

१. संयोजक श्री निमसरी राजवंशी
२. सदस्य प्रमुख प्रशासकिय अधिकृत
३. सदस्य लेखा अधिकृत

४. सदस्य ईन्जिनियर
५. सदस्य श्री मेख बहादुर भट्टराई
६. सदस्य श्री लक्ष्मी नारायण यादव
७. सदस्य श्री रिता परियार
८. सदस्य श्री हेमलाल गणेश
९. सदस्य सचिव योजना शाखा प्रमुख

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा पटके सवारी कर संकलनका लागि पुनः ठेक्का प्रक्रिया अघि बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७४।७५ मा सञ्चालित भुक्तानी बाँकी रहेका आयोजनाहरु मध्ये ह्यूम पाईपको भुक्तानी लागी यस आ.व.मा विनियोजित ह्यूम पाईप खरिद योजना शिर्षकबाट र विशाल बस्तीदेखि गगन प्रा.वि.खण्डको बाटो मर्मत वापतको रु. ५४,०००।-, सिंगीमाडी बालुवाडी खण्डमा सडक मर्मत रु. १,४७,०००।-, वडा नं. १ स्थीत नेत्रशाखा राजमार्ग घेरावारी खण्ड र भेलामुनी पुल सम्म जाने बाटो मर्मत वापत रु. २,६५,०००।- यस आ.व. को मर्मत शिर्षकबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गा.पा. मा रहनुभएका सम्पुर्ण जनप्रतिनिधिको क्षमता अभिबृद्धि गर्न ४ दिने जनप्रतिनिधि अनुशिक्षण कार्यक्रमको आयोजनाका लागि रु. ८,००,०००।- आठ लाख ) सम्म बजेट व्यवस्थापन गरी आगामी पौष महिना भित्र राष्ट्रियस्तरका प्रशिक्षकबाट अनुशिक्षण दिने दिलाउने निर्णय पारित गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा अर्को कानूनी व्यवस्था नभएसममका लागि यस गा.पा. ले करार सेवा बाट पदपुर्ति गर्न सक्ने पदहरुका लागि गा.पा.मा करार कर्मचारी पदपूर्ति समिति गठन गर्न गा.पा. अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरुसमेत रहने गरी समिति गठन गर्ने र आवश्यक पर्ने अन्य काम विशेषज्ञ टोलीबाट गर्ने गराउने निर्णय पारित गरियो ।

गा.पा. अध्यक्ष श्री अन्जरा आलम...........................................संयोजक
प्रमुख प्रशासकीय अधिकृत ................................................. सदस्य
वडाध्यक्ष श्री लक्ष्मीनारायण यादव........................................ सदस्य

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गा.पा. ले आ.व. २०७५।७६ का लागि विनियोजन गरेको छात्रबृत्ति शिर्षकबाट तपशिल बमोजिमका प्राविधिक विषय पढ्ने विध्यार्थीहरुलाई छात्रवृत्ति रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१) धनलाल राजवंशीको छोरा श्री कुलदेव राजवंशी, कचनकवल- ३ (डाँगीबारी)

२) दौलतलाल गणेशको छोरा श्री श्रवण कुमार गणेश, कचनकवल-४ (लदाबारी)

३) सेमिरिद्दिनको छोरा श्री सज्जाद आलम, कचनकवल-६ (बनियानी)

४) श्री लक्ष्मण राजवंशीको छोरी श्री लैला राजवंशी, कचनकवल-१ (कल्याणगञ्ज)

५) ठाकुरबहादुर लिम्बुको छोरा श्री तपस लिम्बू , कचनकवल-७ (बालुवाडी)

६) राजेन्दर मोचीको छोरी श्री पुजा मोची, कचनकवल-७ (बालुवाडी)

७) डम्बर बहादुर राजवंशीका छोरी श्री करिस्मा राजवंशी, कचनकवल-१ (कल्याणगञ्ज)

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ठेकादार श्री सर्मुदिन हकले मेचि नदिमा संचालन गरिरहेको घाट लौरी ठेक्काको काममा निजले निर्माण गर्दा लागेको खर्च मूल्यांकन गर्न गाउँपालिकाको प्राविधिक खटाई मूल्यांकन गर्दा आउने खर्च रकम भुक्तानी दिई यस आ.व. २०७५।७६ सम्म सर्वसाधारण सम्पुर्णलाई निशुल्क सेवा वितरण गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा कचनकवल गा.पा. वडा नं. १ लाई खुला दिशामुक्त वडा घोषणा गर्न खटिनु भएको सहजकर्ता श्री हरिनारायण नेपालको प्रति महिना १०,०००।- का दरले तिन महिनाको रु. ३०,०००।- (तिस हजार मात्र) पारिश्रमिक भुक्तानी दिन बाँकी रहेकोले उक्त रकम भुक्तानि दिने भनि निर्णय पारित गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा झापा जिल्लामा रहेको शिव सताक्षी धाममा रहेको गौशालालाई प्रवर्द्धन गर्न सहयोग स्वरुप रु. २५,०००।- (पच्चिस हजार मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस गा.पा. लाई आवश्यक पर्ने टोटल स्टेशन खरिद गर्न लाग्ने रकम पूरै कन्टिजेन्सी शिर्षकबाट खरिद गर्नका लागि निर्णय पारित गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा कचनकवल गा.पा. वडा नं. ५ मा संचालनमा रहेको सलेमा इटा उद्योगले सो उद्योग नविकरणका लागि सिफारिस माग भई आएकोमा नियमानुसार लाग्ने सिफासिर दस्तुर लिई नविकरणका लागि घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा सिफारिस गर्ने भनी निर्णय पारित गरियो ।

आज मिति ०७५ पौष २ गते का दिन कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा वैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरी निर्णयसमेत गरीयो .........

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशला गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहादुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**बैठकमा प्रस्तुत हुने प्रस्तावहरु :**

१. **समीक्षा ।**

२. **कर्मचारी समायोजन सम्वन्धमा ।**

३. **विषयगत शाखाको बजेट विनियोजन सम्वन्धमा ।**

४. **टोल विकास संस्था गठन सम्वन्धमा ।**

५. **अड्डा अदालतमा बहस पैरवीसमेतको खर्च सम्वन्धमा ।**

६. **वडा नं. ४ को कार्यालय सहयोगी सम्वन्धमा ।**

७. **उच्च अदालतमा रीट निवेदन लिखित जवाफ पेश (अख्तियारनामा दिने) तथा रीट दायर सम्वन्धमा ।**

८. **निजी जग्गामा निर्मित सार्वजनिक भवनहरु सम्वन्धमा ।**

९. **छात्रवृत्ति विनियोजन सम्वन्धमा ।**

१०. **विविध ।**

**निर्णयहरुः-**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाले गरेका विगतका केही निर्णयहरु कार्यान्वयन हुन बाँकी रहेकोले सो निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्नु पर्ने, वडा कार्यालयहरुमा कार्यालय सहयोगीहरु रिक्त रहेकोले सो पदहरुमा कर्मचारी व्यवस्था गर्नुपर्ने, निर्णय कार्यान्वयनमा सबैले उत्तिकै महत्वका साथ ध्यान दिई कार्यान्वयन गर्नुपर्ने समीक्षा गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिको कार्यालयबाट स्थायी नियुक्ति पाई हालसम्म यस कार्यालय अन्तर्गतका विभिन्न वडाहरुमा कार्यरत रहनु भएका निम्नानुसारका कर्मचारीहरुलाई कर्मचारी समायोजना अध्यादेश, २०७५ को दफा ६ को उपदफा (६) वमोजिम मायोजन भएको पत्र दिई सोको जानकारी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई दिनु पर्ने व्यवस्था रहेको र सोही अनुसार स्थायी नियुक्त पत्र रुजु गरी समायोजनको पत्र दिनु भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २५, मिति ०७५।०८।२४ को पत्र समेत प्राप्त भएकोले निजहरुलाई देहाय अनुसार हुनेगरी समायोजन पत्र दिने निर्णय गरियो ............

| क.सं. | कर्मचारीको नाम | समायोजन गरिएको पद | समायोजन गरिएको कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | सुरेन कुमार सुवेदी | सहायक स्तर चौथो तह | कचनकवल गाउँपालिकाको कार्यालय बनियानी, झापा वा अन्तर्गत | |
| २ | भक्त बहादुर काकी | सहायक स्तर चौथो तह | कचनकवल गाउँपालिकाको कार्यालय बनियानी, झापा वा अन्तर्गत | |

| | | | | |
|---|---|---|---|---|
| ३ | लाल बहादुर थापा | सहायक स्तर चौथो तह | कचनकवल गाउँपालिकाको कार्यालय बनियानी, झापा वा अन्तर्गत | |
| ४ | मदन भण्डारी | सहायक स्तर चौथो तह | कचनकवल गाउँपालिकाको कार्यालय बनियानी, झापा वा अन्तर्गत | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विषयगत शाखाको बजेटको आयोजना तथा कार्यक्रम देहाय अनुसार विनियोजन गरी कायान्वयन गर्ने निर्णय गरियो ।

**स्वास्थ्य शाखातर्फको आ.व. २०७५ /०७६ कोबार्षिक स्वीकृत बजेट रकमलाई देहाय वमोजिम स्वीकृत गर्ने निर्णय गरियो**

| सि.नं. | क्रियाकलापको नाम | परिमाण/संख्या | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सबै वडामा स्वास्थ्य संस्थाका लागि विभिन्न सामाग्री खरिद<br>• फ्रिज तथा डी फ्रिज खरिद<br>• डिजीटल बि.पी.सेट<br>• सोलिड फिनल<br>• डिजीटल थर्मामिटर<br>• स्टेथेस्कोप | ८ थान<br>८ थान<br>५० के.जी.<br>८ थान<br>१० थान | | ३००००० | |
| २ | **opd** टिकट, अन्य छपाइ | | | १००००० | |
| ३ | पालिका स्तरीय बार्षिक समिक्षा | १ पटक | | ७०००० | |
| ४ | सबै वडाका स्वास्थ्य संस्थाहारुमा औषधी खरिद | | | ७००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | बिभीन्न समिक्षा , बैठक तथा गुणस्तरिय<br><br>कार्यक्रम सम्पन्न गर्न | | | १५०००० | |
| ६ | गा.पा.अध्यक्ष संग बस्ति स्तरीय स्वास्थ्य शिक्षा कार्यक्रम" (बातावरणीय स्वास्थ्य शिक्षा तथा सर्प टोकाई बाट बच्ने उपाय र सरसफाईको कमि बाट हुने रोग हरु तथा रोकथाम का उपाय हरु बारे बस्ती स्तरीय स्वास्थ्य शिक्षा कार्यक्रम तथा पानि शुधिकरणका लागी पियुस बितरण समेत) | | | ५००००० | |
| ७ | सबै स्वास्थ्य संस्थाहरु लाई opd अनुदान | ७ | | २००००० | बिरामी दर्ता संख्याको आधारमा दामाशाहिले |
| ८ | पालिका स्तरीय स्वास्थ्य समिति बैठक खर्च | १२ | ७००० | ८४००० | यातायत खर्च र नास्ता समेत |
| १० | गा.पा.अध्यक्ष ज्यु संग जेष्ट नागरिक कार्यक्रम<br><br>• औषधि खरिद<br>• **मधुमेहको लागि**<br>**1.** Tab Metformin 500mg"<br>**2.** Tab Glimiperide 1 mg"<br>• **दमको लागि**<br>1. Tab Deriphylline **वा**<br>2. Tab Salbutamole 4mg<br>**उच्च रक्तचापको लागि**<br>1.Tab Amlodipine 5mg<br>2. Frusemide 40mg<br>**ग्याष्ट्रिकको लागि**<br>**Cap-omeprazole 20 mg** | | | ५००००० | |
| ११ | गा.पा.अध्यक्ष ज्यु संग बाल स्वास्थ्यकार्यक्रम:-<br><br>औषधि खरिद<br><br>**1.**Amoxycillin paed.drop 1000 ph<br><br>**2.** Amoxycillin syrup 60ml 1000ph | | | २००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | 3.Syp.flexon 60ml 1000ph<br><br>4.Niko paed. drop 10ml 500ph<br><br>5.Syp.brica- bm 60ml 1000ph | | | | |
| | **जम्मा** | | | २८०४००० | |

**शिक्षा तर्फ स्थानीय सरकार राजश्व बाडफाड चालु आ.ब. २०७५/०७६ को कार्यक्रम तथा बजेटलाई देहाय अनुसार विनियोजन गर्ने निर्णय गरियो**

| क्र स | कार्यक्रम | अनुमानित रकम रु (हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | प्र.अ. बैठक, संचालन (सामुदायिक,संस्थागत धार्मिक) | ८० | १२ पटक |
| २ | प्र. अ. ब्यबस्तापन तालिम | ८० | १ पटक |
| ३ | बाल शिक्षिका तालिम | १५० | २ दिने (३ समुह ) |
| ४ | शिक्षा पर्ब दिबश | ५० | १ पटक |
| ५ | शैछिक तत्थ्यांक तयारि ब्यबस्थापन | ५० | १ पटक |
| ६ | शैछिक सामग्री निर्माण प्रदशनि | ५० | १ पटक |
| ७ | बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन | १०० | १ पटक |
| ८ | अंग्रेजी माध्यम शिक्षक तालिम कार्यक्रम | १०० | १ पटक |
| ९ | कार्यमूलक अनुशन्धान | ५० | १ पटक |
| १० | **student tracking training** | ५० | १ पटक |
| ११ | **SIP,social audit training** | ५० | १ पटक |

| | | | |
|---|---|---|---|
| १२ | शैशिक क्यालेन्डर निर्माण | ५० | १ पटक |
| १३ | बिद्यालय स्तरीय खेलकूड सबै बिद्यालय | ८० | १ पटक |
| १४ | बालक्लब गठन तथा परिचालन बिद्यालय स्तर | ८० | १ पटक |
| १५ | स्तर  मापन परिक्षा | ८० | १ पटक |
| १६ | भर्ना अभियान कार्यक्रम | १०० | १ पटक |
| १७ | छात्रवृत्ति | १५० | १ अक् |
| १८ | पुरस्कार वितरण २९ वटै बिद्यालय प्रथम, दोस्रो.तेस्रो | १७० | १ पटक |
| १९ | जम्मा | १५०० | |

पशु स्वास्थ्य सेवा अन्तर्गतको बजेटलाई देहाय वमोजिम विनियोजन गर्ने निर्णय गरियो

| क.स. | विवरण | कार्यसंचालन गरिने स्थान | प्रस्तावित वजेट रकम (रू.हजार) |
|---|---|---|---|
| १ | उपचार सेवा | गाउंपालिका क्षेत्र भित्र | २४० |
| २ | सचेतना अभिवृद्धी कार्यक्रम | गाउंपालिका क्षेत्र भित्र | १४० |
| ३ | रेविज रोग नियन्त्रण | गाउंपालिका क्षेत्र भित्र | ३० |
| ४ | आकस्मिक रोग नियन्त्रण | गाउंपालिका क्षेत्र भित्र | ८० |
| ५ | आय आर्जन वाखा कार्यक्रम | गाउंपालिका क्षेत्र भित्र | १६० |
| ६ | संचार महसुल | गाउंपालिका क्षेत्र भित्र | ५ |
| ७ | सवारी इनधन | गाउंपालिका क्षेत्र भित्र | २० |
| ९ | इन्धन तथा अन्य प्रयोजन | गाउंपालिका क्षेत्र भित्र | ५ |
| ११ | भ्रमण खर्च | गाउंपालिका क्षेत्र भित्र | २० |
| | जम्मा | | ७०० |

कृषि सेवा अन्तर्गतको बजेटलाई देहाय वमोजिम विनियोजन गर्ने निर्णय गरियो

| क्र.स. | विवरण | कार्यसंचालन गरिने स्थान | प्रस्तावित वजेट रकम (रू.हजार) |
|---|---|---|---|
| १ | मोटर बोरिङ खरिद | गाउंपालिका क्षेत्र भित्र | १५०० |
| २ | तरकारी विउ मिनिकिट (वर्खे) | गाउंपालिका क्षेत्र भित्र | ६० |
| ३ | स्प्रेयर ट्यांकी (१५ लि.) पचास प्रतिशत अनुदानमा | गाउंपालिका क्षेत्र भित्र | २४ |
| ४ | मकै छोडाउने हाते मेशीन | | ६० |
| ५ | फेरोमिन ट्र्याप वितरण | | ४० |
| ६ | उन्नत मकै मिनीकिट वितरण | | ७० |
| ७ | उन्नत धानको विउ मिनीकिट वितरण | | १२५ |
| | जैविक विषादी | | २० |
| | आकास्मिक बाली संरक्षण | | २५ |
| | सन्चार खर्च | | १५ |
| | मसलन्द खर्च | | ४० |
| | कृषि सामाग्री ढुवानी | | २१ |
| | जम्मा | | २००० |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यसै हप्तादेखि साविक बनियानी, पाठामारी, केचना, बालुवाडी, पथरीया र घेवारी गा.वि.स.हरुको सबै वडाहरु (५४ वटा वडा) मा कचनकवल गाउँपालिकाको टोल विकास गठन तथा सन्चालन कार्यविधि, २०७५ वमोजिम टोल विकास संस्था गठनका लागि सहजकर्ता तथा गाउँ कार्यपालिकाका कर्मचारी तथा वडा समितिका प्रतिनिधि एवं गाउँ कार्यपालिकाका सदस्यसमेतको उपस्थितिमा टोल विकास संस्था गठन गर्न खटिने खटाउने निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका, गाउँ कार्यपालिका, अध्यक्षसमेतका विरुद्धमा विभिन्न अड्डा अदालतमा परेका वा पर्न जाने मुद्दमा मामिला तथा रीट निवेदनसमेतका सम्वन्धमा खर्च गर्न सम्वन्धित चालु खर्चबाट शीर्षक मिलाई रु. २,००,०००।- (दुई लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा वडा नं. ४ को कार्यालयमा कार्यालय सहयोगी नभएको भनी सो कार्यालयबाट लिखित पत्राचार भइरहेकोमा सो विषयलाई सम्वोधन गर्ने गरी यस कार्यालयमा कार्यरत कार्यालय सहयोगी बसन्त गणेशलाई सो कार्यालयमा कामकाज गर्ने गरी यस कार्यालयको च.नं.४२६ मिति २०७५।०८।१४ को पत्रबाट काज खटाइएकोमा वडा नं. ४ का वडाध्यक्ष स्वयम्ले निजलाई हाजिर हुन नदिई आफ्नो मनोमानी हिसावले सो वडा कार्यालयको च.नं. २८१, मिति ०७५।०८।२६ को पत्रबाट यस कार्यालयबाट काज खटाइएका का.स. बसन्त गणेशलाई काज फिर्ता गरी दिनु भएको र सो पदमा कचनकवल वडा नं ४ बस्ने खगेन्द्र राजबंशीलाई ४ नं. वडा समितिको निर्णय अनुसार कार्यालय सहयोगी नियुक्त गरी सकेको भन्ने मौखिक जानकारी प्राप्त हुन आएकोमा यस गाउँ कार्य समितिको गम्भीर ध्यानाकर्षण भएको र यस गाउँ कार्यपालिकाको निर्णयबाट मात्र नियमानुसार कर्मचारी करार वा ज्यालादारीमा राख्न सकिने व्यवस्था रहेकोमा वडा समितिले आफ्नो क्षेत्राधिकार भन्दा बाहीर गई कानून विपरितको निर्णय गरी व्यक्ति करार वा ज्यालादारीमा राख्ने निर्णय गरेको र यस सम्वन्धमा कचनकवल गा.पा. वडा नं. ४ निवासी जतनलाल गणेश समेतको सामुहिक निवेदनबाट यस्तो गैर कानूनी नियुक्ति खारेज गरी पाउँ भनी यस कार्यपालिकासमक्ष निवेदन पेश भएको हुँदा वडा समितिको सो कर्मचारी नियुक्ति सम्वन्धी निर्णय खारेज गर्ने निर्णय गरियो । यसमा वडा अध्यक्ष समेतको निर्णयबाट अधिकारक्षेत्र भन्दा बाहिर गई कार्यालय सहयोगी नियुक्त गरेको पाइएकोले निजले पाउने पारिश्रमिक भर्नु भराउन परेमा निज समितिका पदाधिकारीहरुबाट नै भर्ने भराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय झापाको च.नं.१५, मिति ०७५।०४।०३ को पत्रानुसार यस कार्यालयमा मिति ०७५।०४।०७ देखि कार्यालय सहयोगी पदमा हाजीर भई काजमा खटिनु भएका कर्मचारी संजय भुइमालीलाई जिल्ला समन्वय समिति झापाकै च.नं. १६४, मिति ०७५।०५।०१ को पत्रानुसार पुनः अर्को पत्र पठाई निजको पद हलुका सवारी चालक भनी पद मिलान गरी पठाइएकोले सो सम्वन्धमा यस कार्यालयको गाडी खरिद गर्दाकै बखत ०७५ बैशाख महिनादेखि नै सोम बराललाई राखी सकिएकोले एक पदमा २ जना कर्मचारी राखी राख्न गाउँपालिकालाई थप वित्तीय भार पर्ने भएकोले निजलाई काज फिर्ता गर्ने भनी यसै कार्यपालिकाको मिति ०७५।०६।११ को निर्णय भई सोही अनुसार निजलाई काज खटाउने निकायमै काज र्फिता गरिएकोमा सो उपर निज संजय भुइमालीले उच्च अदालत विराटनगर इजलाश इलाममा रीट दायर भई सो रीट निवेदन उपर सुनुवाई हुँदा सम्मानित उच्च अदालतबाट *'निवेदकलाई जिल्ला समन्वय समितिको कार्यालय झापाले हल्का सवारी चालक पदमा पद मिलान हुने गरी गरेको निर्णय उपर कुनै उजुरी परी चुनौती दिएको नदेखिनुका साथै विपक्षी कचनकवल गाउँपालिकाको कार्यालय स्वयंले निवेदकलाई हल्का सवारी चालकको रुपमा हाजिर गराई तलव समेत खुवाएको देखिदा हाल निवेदकको काज फिर्ताहुने गरी विपक्षी कार्यालयले मिति ०७५।०६।११ मा गरेको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु र*

*निजलाई हल्का सवारी चालक पदमा निरन्तर हाजिर गराई तलव खुवाउनु भनी'* अन्तरिम आदेश समेत जारी भईसकेको अवस्था सिर्जना भएको हुँदा सो रीट निवेदन उपर गाउँपालिका र गाउँ कार्यपालिका समेतको तर्फबाट गाउँ कार्यपालिकाका सदस्य एवं वडां. १ का अध्यक्ष श्री लक्ष्मी नारायण यादवलाई अख्तियारनामा दिई लिखित जवाफ पेश गर्न तथा कानून व्यवसायी मुकरर गर्न र आवश्यकता अनुसार वारेस तोक्न समेत निजलाई अख्तियारनामा दिने निर्णय गरियो । यसैगरी स्थानीय स्वायत्त शासन ऐन, २०५३ लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मिति ०७४।०६।२९मा जारी भई सो ऐनलाई नै खारेज गरी सकेको अवस्थामा सो समितिलाई साविक ऐन वमोजिम पद मिलान गर्ने गरी निर्णय गर्ने अधिकार नै नभएको अवस्थामा जिल्ला समन्वय समितिको मिति ०७५।०४।३१ को निर्णय नं. ३ ले कार्यालय सहयोगी संजय भुइमालीलाई हल्का सवारी चालकमा पद मिलान गर्ने गरी गरेको निर्णय विरुद्ध उच्च अदालत विराटनगर इलाम इजलाशमा उत्प्रेषण परमादेश रीट निवेदन दिन समेत निज कार्यपालिका सदस्य श्री लक्ष्मी नारायण यादवलाई नै अख्तियारनामा दिई पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा सञ्चालित आयोजनाहरु विभिन्न सामुदायिक संघ संस्थाको नाममा सन्चालन भएको पाइए पनि कतिपय आयोजनाहरु निजी व्यक्तिको एकलौटी हकभोकमा रहेको जग्गाहरुमा निर्माण भइरहेको पाइएको हुँदा यस आर्थिक वर्षको विनियोजित रकम सो जग्गाहरु अविलम्ब सामुदायिक संस्था वा गाउँपालिकाको नाममा नियमानुसार दाखिल खारेज गरी रजिष्ट्रेशन पारितसमेत गर्न गराउन जानकारी गराउने र सो गरेको नपाइएमा त्यस्ता आयोजनाहरु सम्झौता नगर्ने नगराउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा आ.व.०७५।०७६ मा सन्चालन हुनेगरी राजस्व बाँडफाँड शीर्षक अन्तर्गत छात्रवृत्ति कार्यक्रममा विनियोजन भएको रु. ४,५०,०००।- र शिक्षा शाखाका लागि विनियोजित १५,००,०००।- मध्येबाट रु. १,५०,०००।- समेत जम्मा ६,००,०००।- मध्येबाट देहाय वमोजिमका विद्यालयहरुलाई दामासाहीले रकम विनियोजन गरी सो विद्यालयमा अध्ययनरत विपन्न तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्ती दिने गरी रकम विनियोजन गरियो ...................................

लक्ष्मी प्रा.वि.कल्यागञ्ज, घेरावारी (वडा नं.१)........................................................१
दिपेन्द्र प्रा.वि.लोदावारी, केचना (वडा नं.४)............................................................१
शारदा प्रा.वि.पकलीभिटा, केचना (वडा नं. ४).........................................................१
नवदुर्गा प्रा.वि. पिण्डलवारी, घेरावारी वडा नं. १) ..................................................१
श्री प्रा.वि.पाठामारी वडा नं. ५)................................................................................१
पशुपति प्रा.वि.डाँगाबारी (वडा नं. ५)......................................................................१
बुद्ध प्रा.वि. खंगरुभिटा (वडा नं.५)..........................................................................१
देवी प्रा.वि.आमजुवानी (वडा नं.५)...........................................................................१
मोती मा.वि. डाँगीबारी ( वडा नं. ३)........................................................................१
पशुपति प्रा.वि.बाँगाडाँगी (वडा नं. ३)......................................................................१
जनज्योति प्रा.वि. बालुवाडी (वडा नं. ७)..................................................................१
बसन्त प्रा.वि.घेरावारी (वडा नं. १)...........................................................................१

आमबारी प्रा.वि.आमबारी (वडा न.. ३)..........................................................१

शहिद श्री गंगालाल प्रा.वि.घेरावारी (वडा नं.१)...................................................१

**निर्णय नं. १० :**

प्रस्ताव नं. १० उपर छलफल गर्दा हिन्दु जागरण अभियानबाट कार्यक्रम सञ्चालन तथा आयोजनाका लागि सहयोग माग भई आएको हुँदा सो अभियानलाई रुं. २५,०००।- संघ संस्था सहयोग शीर्षकबाट उपलव्ध गराउने निर्णय गरियो । यसैगरी राजवंशी विकास समितिलाई सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न रु. २०,००००।-, छठ पर्व समिति केचनालाई रु. २०,०००।- र विद्युतीय करेण्ट लागी मृत्यु हुनु भएका कचनकवल वडा नं. ७ बालुवाडीका मृतक कर्ण बहादुर गौतमको परिवारलाई काजक्रिया खर्च वापत रु. १०,०००।- दिने निर्णय गरियो । यसैगरी गाउँ कार्यपालिका तथा गाउँ सभाको बैठकसमेतका दिन गाउँ कार्यपालिका तथा गाउँ सभा सचिवको बैठक भत्ता कुनै कानूनबाट निर्धारण भएको नपाइएकोले सो सम्वन्धमा कानूनले व्यवस्था नगरेसम्मका लागि प्रमुख प्रशासकीय अधिकृतको लागि बैठक भत्ता निजले नियमानुसार खाइपाई आउने एक दिनको दैनिक भ्रमण भत्ता बरावरको रकम उपलव्ध गराउने र आमन्त्रित महानुभावहरुको हकमा दर्जा अनुसारकै दैनिक भ्रमण भत्ता वरावर उपलव्ध गराउने निर्णय गरियो । कर्मचारी तथा गाउँपालिका पदाधिकारी बाहेक अन्य व्यक्तिका हकमा गाउँ सभाका सदस्यहरुले पाउने बराबरको रकम भत्ताका रुपमा उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति ०७५ पौष २४ गते मंगलबारको दिन बिहान ९।०० बजे कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा वैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरी निर्णयसमेत गरीयो .........

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय कुमार राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशलाल गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहादुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**<u>बैठकमा प्रस्तुत हुने प्रस्तावहरु :</u>**

१. **समीक्षा ।**

२. **तराई मधेश समृद्धि कार्यक्रमको सम्वन्धमा ।**

३. **गाउँपालिकास्तरीय खेलकुद समिति गठन तथा खेलकुदका रकम भुक्तानी सम्वन्धमा ।**

४. **साविकका अधुरो कामको उ.स. सम्वन्धमा ।**

५. **प्रा.स्वा.के. बनियानीलाई १५ शैयाको अस्पताल बनाउने सम्वन्धमा ।**

६. **मदरसाको शिक्षक व्यवस्थापन तथा गुरुकुल सम्वन्धमा ।**

७. **सिलाई कटाईसम्वन्धी आयोजनाहरुको रकम रकमान्तर सम्वन्धमा ।**

८. **१ नं. वडा अन्तर्गत सन्चालित ढाका कपडा घरेलु कारखानालाई वजेट व्यवस्थापन सम्वन्धमा**

९. **१ नं. वडा अन्तर्गत रहेको सोमवारे कृषि उपज बजार व्यवस्थापन सम्वन्धमा ।**

१०. **१ नं. वडा अन्तर्गत झन्टु गाउँमा हात्ती नियन्त्रणका लागि विद्युत पोल तथा तार व्यवस्थापन सम्वन्धमा ।**

## <u>निर्णयहरुः-</u>

### <u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा योजना संचालन पुर्व उपभोक्ता समितिले अनिवार्य रुपमा जम्मा गर्नुपर्ने नगद जनसहभागिता वापतको रकम केहि वडामा गठित केहि उपभोक्ता समितिले जम्मा गर्न असमर्थता जनाएको हुँदा नियम संगत गर्न लगाउने निर्णय पारित गरियो ।

### <u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिको दोस्रो गाउँसभाबाट यस गाउँपालिका अन्तर्गतका सिमा क्षेत्रका सबै विपन्न जनतालाई समेट्ने गरी मेन रोड (चाराली-केचना सडक) देखि वडा बस्ती हुँदै पाठामारी नयाँ बजारसम्म सडक स्तरोन्नति गर्न रु. ८८,००,०००।-, बनियानी बजार टहरा निर्माणका लागि रु. १०,००,०००।- र सबै वडामा मोटर वोरिङ खरिद वापत रु.४,४०,०००।- गरि ३ वटा योजनाहरु पारत गरी पठाएकोमा सो बमोजिम आयोजना स्वीकृत नभई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई को च.नं. २४, मिति २०७५।०८।२७ को पत्रका साथ प्राप्त आयोजनाको सूचीमा यस गाउँपालिका अन्तर्गत सञ्चालन हुने गरी सूची नं. ६ मा बनियानी बजार टहरा निर्माणका लागि मात्र रु. १,१०,००,०००।- को कुल बजेट स्वीकृत भई आएकोले उक्त स्वीकृत बजेटले सिमा क्षेत्रका सबै विपन्न जनतालाई समेट्न नसकेको हुनाले दोस्रो गाउँ सभाबाट पारित भए बमोजिम सोही अनुसार कार्यक्रम संचालन गर्ने गरि सम्बन्धीत निकायमा पत्राचार गर्ने निर्णय पारित गरियो ।

### <u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा यस गा.पा. को खेलकुद गतिविधि अगाडी बढाउन तपसिल बमोजिमको गा.पा. स्तरिय खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. सत्य ना. यादव (वडा नं. १) - अध्यक्ष
२. धन बहादुर तामाङ्ग (वडा नं. ६) - सदस्य
३. श्याम राई (वडा नं. ७) - सदस्य
४. रामविर राजवंशी (वडा नं. ७) - सदस्य
५. रोहित श्रेष्ठ (वडा नं. २) - सदस्य
६. अवसार आलम (वडा नं. ५) - सदस्य
७. चन्द्र प्र. राजवंशी (वडा नं. ३) - सदस्य

साथै यस गा.पा.को वडा नं. १ मा रहेको खेलकुद विकास समिति घेरावारीले क्षेत्रियस्तर आदिवासी फुटबल प्रतियोगिता कार्यक्रम संचालन गरि सो को भुक्तानि माग गरेको हुँदा तत्काल गा.पा. स्तरिय खेलकुद समितिको बैठक नबसेकोले वडाकै बजेटमा विनियोजित रु. ५०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा यस गा.पा. बाट साविकमा छुट्याएका अधुरो क्रमागत योजनाहरुको काम संचालन गर्नु यस आ.व. २०७५।७६ मा समितिको कार्यसम्पादन मुल्यांकन हेरि सोहि पुरानै समितिलाई दिने, विध्यालय सँग सम्बन्धीत योजनाहरु संचालन गर्न हालसम्म उपभोक्ता समिति गठन नभएका योजनाहरुको विध्यालय व्यवस्थापन समितिलाई नै दिने र मठमंदिर लगायतका सार्वजनिक संस्थाहरुको योजना संचालन गर्ने काम सोहि संस्थाका व्यवस्थापन समितिको कार्यक्षमता तथा कार्यसम्पादन मुल्यांकनको आधारमा दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा यस गा.पा. को आवश्यकता र नेपाल सरकारको स्वास्थ्य निति अनुसार एक गाउँपालिका एक अस्पताल स्थापना गर्ने निति समेत भएको हुँदा यस प्रा.स्वा.के. बनियानी बाट सेवा लिने अनुमानित जनसंख्या ४५ हजार भएको, विरामीको चाप दैनिक सरदर १५० जना भएको, यस गा.पा. अन्तर्गत अर्को अस्पताल नरहेको, प्रा.स्वा.के.को नाउँमा १ विघा १० कठ्ठा जमिन रहेको, नेपाल सरकारबाट प्रसुती गृह समेत १५ शयौको अस्पतालका लागि भवन निर्माण शुरु भई सम्पन्न हुने अवस्था रहेको, आर्थिक रुपमा विपन्न सन्थाल, गनगाईं, राजवंशी, मुस्लिम समेतको बाहुल्यता क्षेत्र रहेकोले यही प्रा.स्वा.के. बाट सामान्यस्तरको स्वास्थ्य सेवा मात्र लिइ रहेको हुनाले माथिको आधारमा प्रा.स्वा. के. बनियानीलाई १५ शैयाको अस्पताल बनाउन उपयुक्त भएको हुँदा सो को लागि सम्माननीय उपप्रधानमन्त्री एवंम स्वास्थ्य तथा जनसंख्या मन्त्री ज्यू र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा तत्काल पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा यस गा.पा. अन्तर्गत रहेका मदरसाको शिक्षक व्यवस्थापन तथा गुरुकुल व्यवस्थापन गा.पा. को शिक्षा ऐन जारि गरी सोहि मार्फत उचित व्यवस्थापन गर्ने निर्णय पारित गरियो । र, उक्त मदरसा र गुरुकुलहरुको भौतिक पुर्वाधारहरुको अवस्था बुझि पठनपाठनका लागि सहज बनाइदिन पुर्वाधारको उचित व्यवस्थापन समेत गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ को सिलाई कटाई सम्बन्धी आयोजनाहरुको रकम रकमान्तर सम्बन्धमा, प्रस्ताव नं. ८ को १ नं. वडा अन्तर्गत सञ्चालित ढाका कपडा घरेलु कारखानालाई वजेट व्यवस्थापन सम्बन्धमा, प्रस्ताव नं. ९ को १ नं. वडा अन्तर्गत रहेको सोमवारे कृषि उपज बजार व्यवस्थापन सम्बन्धमा र प्रस्ताव नं. १० को १ नं. वडा अन्तर्गत झन्टु गाउँमा हात्ती नियन्त्रणका लागि विध्युत पोल तथा तार व्यवस्थापन सम्बन्धमा छलफल गर्दा उक्त प्रस्तावहरुलाई यस गा.पा. को अव हुने तेस्रो गाउँ सभामा पेश गर्ने निर्णय पारित गरियो ।

आज मिति ०७५ पौष २४ गते मंगलबार दिनको ४:३० बजे कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा वैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरी निर्णयसमेत गरीयो ..........................................................................................................

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय कुमार राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशलाल गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहादुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**बैठकमा प्रस्तुत हुने प्रस्तावहरु :**

**१. राष्ट्रिय एकता दिवश सम्वन्धमा ।**

**२. सरकारी स्वास्थ्य संस्थाहरुलाई मासिक चालु खर्च व्यवस्थापन, उक्त संस्थाहरुमा अपुग स्वास्थ्य स्वयंसेविका व्यवस्थापन तथा कर्मचारीहरुको मासिक बैठक व्यवस्थापन सम्वन्धमा ।**

**३. १ नं. वडा अन्तर्गत बसन्त प्रा.वि.मा वितरण गरिएको न्यानो कपडा वितरणको रकम व्यवस्थापन सम्वन्धमा ।**

**४. सिंगीमाडी-बनियानी सडक र नयाँ बजार-पाठामारी सडक खण्डमा नपुग रकम व्यवस्थापन सम्वन्धमा ।**

**५. ग्रामीण विकास प्रशिक्षण केन्द्र कलबलगुरीबाट जनप्रतिनिधि तथा कर्मचारीहरुका क्षमता विकास तालिम सम्वन्धमा ।**

**६. आयोजना सन्चालन कन्टिन्जेन्सी सम्वन्धमा ।**

**७. लक्षित वर्गको कार्यक्रम सम्वन्धमा ।**

**८. खुल्ला दिसा मुक्त घोषणा कार्यक्रमको भुक्तानी बाँकी सम्वन्धमा ।**

**९. मेची नदीको तार घाटलौरी ठेक्का सम्वन्धमा ।**

**१०. विद्युत विस्तार सम्वन्धमा ।**

**११. आर्थिक सहयोग सम्वन्धमा**

**१२. विविध**

**१३. बजार क्षेत्रको फोहरमैला व्यवस्थापन सम्वन्धमा ।**

**निर्णयहरुः-**

**निर्णय नं. १**

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा नेपाल एकीकरणका राष्ट्रिय प्रणेता बडा महाराज पृथ्वी नारायण शाहको योगदानको सम्मान गर्दै विगतमा मनाइँदै आएको ‘राष्ट्रिय एकता दिवश’ लाई यस गाउँपालिकाले निरन्तरता दिने निर्णय गर्दै यही २०७५।०९।२७ गतेका दिन यस गाउँपालिका भरी सार्वजनिक विदा दिने र सो व्यहोरा सम्वन्धित निकायहरुमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा यस गा.पा. मा रहेका स्वास्थ्य संस्थाहरुलाई कार्यालय सन्चालनका लागि रकम विनियोजन गर्न छुट भएकोले यो आ.व. को लगभग आधा वर्ष भुक्तान भईसकेको हुँदा आ.व. २०७५।७६ का लागि रु. ५०,०००।- (पचास हजार मात्र) चालु खर्च शीर्षकबाट विनियोजन गर्ने तथा उक्त संस्थाहरुमा रिक्त रहेको स्वास्थ्य स्वयंसेविकाहरुको तत्काल व्यवस्थापन गर्न यस गा.पा. मा गठन भएको गा.पा. स्तरिय स्वास्थ्य समिति मार्फत गर्न लगाउने र प्रत्येक महिना यस गा.पा. को कर्मचारीहरु अनिवार्य बैठक बस्दा उपस्थित कर्मचारीहरुलाई भत्ता वापत प्रति कर्मचारी रु. ६००।- (छ सय मात्र) का दरले उपलब्ध गराउने निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा १ नं. वडा अन्तर्गत बसन्त प्रा.वि.मा वितरण गरिएको न्यानो कपडा वितरणको रकम व्यवस्थापन गर्न उक्त विध्यालयहरुको लागि विनियोजित रकमबाट रु.२५,०००।- भुक्तानी दिई बाँकि १५,०००।- सोही वडाको मर्मत संभार खर्च शिर्षकबाट रकमान्तर गरि जम्मा रु. ४०,०००।- (चालिस हजार मात्र) को खर्च भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा सिंगिमाडी-बनियानी सडक खण्डमा आसपासका जनताहरुबीच सलडकको केन्द्र बिन्दुमा विवाद भई ल.इ.मा तोकिएको सडकको केन्द्र भन्दा दायाँबायाँ चौडाई विस्तार गर्नु परेको र नयाँबजार-पाठमारी सडक खण्डमा सडक निर्माण कार्यका लागि गत वर्ष नै ठेक्का स्वीकृत भई काम गर्दै जाँदा सो सडम खण्डमा पर्न गर्न गएको चार वटा पोखरीहरुमा माटो पुरी प्लम्ब वाल समेत लगाई कार्य सम्पन्न गर्नु पर्ने भएकोले सिंगीमाडी-बनियानी खण्डमा BOQ को क्वान्टीटी भन्दा थप रु. ९४३९७९।- नौ लाख त्रिचालिस हजार नौ सय उनासी मात्र (भ्याट रकम सहित) र नयाँबजार-पाठमारी सडक खण्डमा रु. ४८०७७५।- चार लाख असी हजार सात सय पचहत्तर मात्र (भ्याट रकम सहित) लाग्ने भएकोले भेरिफिकेशन अडर (VO) बाट खर्च लेख्ने गरी सो रकम चालु आ.व.०७५।०७६ को अन्य आयोजनाहरु तथा विविध शीर्षकबाट व्यवस्थापन गरी भुक्तानी दिने र खर्च निर्णय तेश्रो गाउँ सभाबाट अनुमोदन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा ग्रामिण विकास प्रशिक्षण केन्द्र कलबलगुरीको च.नं.१५३, मिति ०७५।०९।२२ को पत्रानुसार जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि विकास योजना तर्जुमा सम्वन्धी तालिम सञ्चालनका लागि अनुरोध भई आएकोमा सो तालिम यसै आ.व.को माघ अन्तिम हप्तादेखि फागुनको पहिलो हप्तासम्ममा यसै गाउँपालिकामा सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण आयोजनाहरुबाट कार्यालय व्यवस्थापन तथा आयोजना सञ्चालन खर्च (कन्टिन्जेन्सी) का लागि गत आ.व.मा १.५ (एक दशमलव पाँच) प्रतिशत रकम मात्र काटिने गरेकोमा यस आ.व.मा सो कन्टिन्जेन्सी रकमबाट इन्जिनियरिङ्ग इक्वीपमेन्ट (टोटल स्टेशन), पानी फ्याँक्ने तथा छिट्ने ट्यांकर, व्याकहो लोडर समेत खरिद गर्ने र आयोजना सन्चालन खर्चसमेत व्यवस्थापन गर्नु पर्ने भएकोले सबै आयोजनाहरुबाट ३ (तीन) प्रतिशत रकम ल.ई. गर्नु पूर्व नै कट्टा गरी बाँकी रहेको रकमको मात्र ल.इ.तयार गरी काम सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विभिन्न लक्षित वर्गका लागि दोश्रो गाउँ सभाबाट विनियोजन भएको रु. ५६,००,०००।- बजेट विनियोजन भएकोमा सो रकमलाई देहाय वमोजिम खर्च गर्ने गरी निर्णय गरियो र सो सम्वन्धमा सम्वन्धित लक्षित वर्गले यसभन्दा अगाडि केही कुनै कार्यक्रम गर्ने भनी रकम लिई सकेको भए यसबाट खर्च भएको मानी कट्टा गरी बाँकी रकमको मात्र आयोजना सन्चालन गर्ने गराउने निर्णय गरियो .................................................

१. विपन्न गनगाँई समुदायका लागि रु. ५,००,०००।- (पाँच लाख)
२. विपन्न दलित समुदायका लागि रु. ६,००,०००।- (छ लाख)
३. विपन्न मुश्लिम समुदायका लागि रु. ८,००,०००।- (आठ लाख)
४. विपन्न राजवंशी समुदायका लागि रु. १२,००,०००।- (बाह्र लाख)
५. विपन्न महिलाहरुका लागि रु. ४,००,०००।- (चार लाख)
६. विपन्न सन्थाल समुदायका लागि रु. २,००,०००।- (दुई लाख)
७. विपन्न पिछडा समुदायका लागि रु. ६,००,०००।- (छ लाख)
८. विपन्न आदिवासी जनजातीका लागि रु. ६,००,०००।- (छ लाख)
९. अपाङ्ग भिन्न क्षमता भएका वर्गका लागि रु. ३,००,०००।-(तीन लाख)
१०. बालबालिकाहरुका लागि रु. २,००,०००।- (दुई लाख)
११. ज्येष्ठ नागरिकका लागि रु. २,००,०००।- (दुई लाख)

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका यस गाउँपालिकालाई ०७४ साल भित्रै खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरी राष्ट्रिय अभियानलाई सफल पार्नका लागि विराट सामुदायिक अध्ययन केन्द्रको परामर्श तथा प्राविधिक सहयोगमा कार्यक्रम सन्चालन गरिएकोमा तोकिएको अवधि भित्र कार्यक्रम सम्पन्न हुन नसकी ०७५ साल श्रावण महिनामा आएर मात्र खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएकोले सो अवधिसम्को प्रशासनिक तथा प्राविधिक खर्च पाउँ भनी माग दावी भएकोमा यस कार्यालयको वित्तीय अवस्था समेतलाई मध्यनजर राख्दै यस आ.व.को वजेटमा विनियोजन भएको वजेट शीर्षक नं. ३११५८ को रु. ५,००,०००।- बाट भुक्तानी रु. १,००,०००।- (एक लाख मात्र) दिई हिसाव फरफारक गर्न लगाउने निर्णय गरियो । यसै गरी सोही कार्यक्रमलाई सफल पार्न चर्पीको प्यान अपुग भई रु. १,०३,५००।- (एकलाख तीन हजार पाँचसय मात्र) बराबरको प्यान खरिद गर्नु परेकोले सो रकम समेत यस आ.व.को वजेटमा विनियोजन भएको वजेट शीर्षक नं. ३११५८ को रु. ५,००,०००।- बाटै भुक्तानी गर्ने निणर्य गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ५, पाठमारीमा रहेको मेची नदीको तार घाटलौरीका सम्वन्धमा छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति ०७५।०७।१७ गतेको निर्णय अनुसार सम्वन्धित निकायबाट सक्कल फायल झिकाई सम्वन्धित पक्षसमेतलाई समेत बुझी छलफल गर्दा सो सम्वन्धमा यस गाउँ कार्यपालिकाको मिति ०७५।०८।१९ को निर्णय अनुसार सो

तार घाटलौरीका ठेकेदार सर्मुद्दिन हकले सो घाटलौरी निर्माण गर्दा लागेको खर्च मूल्यांकन गर्न गाउँपालिकाको प्राविधिक खटाई मूल्यांकन गर्दा हुन आउने रकम भुक्तानी दिई यस आ.व.०७५।०७६ सम्म सर्वसाधारणलाई निःशुल्क आवतजावत गर्न सेवा दिने निर्णय पारित भएको र सोही निर्णय अनुसार प्राविधिकबाट रु. ८५,०९६।- (अक्षेरी रु. पचासी हजार छयानव्वे मात्र) लागत मूल्यांकन भई पेश भएको हुँदा सो लागत रकम निज ठेकेदारलाई भुक्तानी दिई मिति ०७५।०८।१९ को निर्णय अनुसार गर्ने गराउने निर्णय गरियो साथै सो सम्वन्धमा जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. १०</u>**

प्रस्ताव नं. १० उपर छलफल गर्दा वडा नं. ५ अन्तर्गत (साविक पाठामारी वडा नं. ९) मा विद्युत विस्तारका लागि आवश्यक रु. २,००,०००।- रकम यस गाउँपालिकाबाट विद्युतका लागि विनियोजित रु. १०,००,०००।- बाट घटाई सो २,००,०००।- (दुई लाख) रकम उपभोक्ता समितिलाई प्रदान गर्ने र बाँकी रकम रु. ८,००,०००।- को मात्र नियामनुसार खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ११</u>**

प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल गर्दा आजका मिति सम्म विभिन्न समुदाय तथा वर्गलाई विभिन्न चाडपर्व, व्यक्तिगत एवं जातीय साँस्कृतिक नाचगान कार्यक्रम आदिमा केही रकम आर्थिक सहयोग गर्दै आएको र केही रकम दिइदै पनि आएकोमा त्यस्ता फजुल खर्चका कारण गाउँपालिकाको बजेट खर्चमा बढोत्तरी भएको, हरेक जातजातीको विभिन्न पर्वका नाममा रकम माग गर्ने अस्वस्थ प्रवृत्ति समेत बढ्दै गई समग्रमा गाउँपालिकाको आर्थिक विकासमा नै प्रभाव पार्ने देखिएको हुँदा अव आइन्दादेखि त्यस्ता कार्यक्रमहरुमा खर्च विनियोजन नगर्ने र दिनै पर्ने अवस्था भएमा औचित्यता हेरविचार गरी बढीमा रु. ५,०००।- (पाँचहजार मात्र) दिने निर्णय गरियो । यसैगरी आर्थिक सहायता रकम समेतमा बढी स्वविवेकीय अधिकार प्रयोग हुन जाने भएको हुँदा तत्काल विपन्न तथा प्रकोप सहायता कोष कार्य सन्चालन कार्यविधि तयार गरेर मात्र आर्थिक सहायता दिने निर्णय गरियो र यस पटकका लागि देहाय वमोजिम कार्यक्रम सन्चालन खर्च तथा आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ......................

१. सरस्वती मा.वि. भद्रपुर-२ लाई शैक्षिक भ्रमणका लागि सहयोग माग भएको हुँदा सहयोग वापत रु. १०,०००।- (दश हजार मात्र) दिने ।

२. नेपाल घेदुङ्ग संघलाई ल्होसार कार्यक्रम संचालनका लागि रु. १०,०००।- (दश हजार मात्र) दिने

३. कचनकवल गा.पा. वडा नं. ७ मा रहेको स्वास्थ्य चौकि, बालुवाडीको उद्घाटन कार्यक्रम सन्चालमा लागेको खर्च भुक्तानीका लागि रु. ५५,०००।- (पचपन्न हजार मात्र) दिने ।

४. कचनकवल गा.पा. वडा नं. ४ खुट्टामनी टोलका सैदुल मियाँ, जहिद मियाँ, साकिर मियाँ, जाखिर मियाा र अनवरी खातुन समेत ५ परिवारको धानको धानको कुन्युमा मिति २०७५।०९।१५ गते आगलागी भई वर्षभरी खाने पुरै धान नष्ट भएको हुँदा वडा कार्यालयको सिफारिस, सीमा प्रहरी चौकीको सिफारिस समेतका आधारमा राहत वापत

यस गा.पा. बाट प्रति परिवार रु. १०,०००।- का दरले जम्मा रु. ५०,०००।- (पचास हजार मात्र) दिने निर्णय गरियो ।

५. कोच अन्तर्राष्ट्रिय महोत्सवका कार्यक्रमका लागि रु. १०,०००।-

६. आदिवासी जनजातीको रजत जयन्तीका लागि रु. १०,०००।-

७. यसै कार्यपालिका बोर्ड बैठकको मिति ०७६।०६।२१ को निर्णय अनुसार तीज महोत्सव मनाउनका लागि वडा नं.६ का आमा दिदी बहिनीहरुलाई ६ नं. वडा कार्यालयमार्फत रु. १०,०००।- दिइएकोमा सोही रकममा थप रु २०,०००।- गरी जम्मा रु. ३०,०००।- दिने ।

८. इसाई धर्मावलम्बीहरुको क्रिसमस डे कार्यक्रमका लागि रु. १५,०००।- (पन्ध्र हजार)

**<u>निर्णय नं. १२</u>**

प्रस्ताव नं. १२ उपर छलफल गर्दा इलाका प्रहरी कार्यालय बनियानीको व्यारेक तथा भान्सा घर निर्माण, बोडर आउट पोष्ट केचनालाई कम्प्युटर सहयोग, बोडर आउट पोष्ट घेरावारीको व्यारेक भान्साघर निर्माण, क्षयरोगीहरुलाई औषधीको व्यवस्थाको लागि आगामी तेश्रो गाउँ सभाबाट वजेट व्यवस्थापन गर्ने गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. १३ :</u>**

प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको बनियानी बजार तथा सोको आसपास एक कि.मि.वरिपरिसम्म विगत लामो समयदेखि फोहरमैला थुप्रिएर बजार क्षेत्रलाई प्रदुषित गराउँदै लगेको, दिनानुदिन जनसंख्याको चाप, बजार क्षेत्रको विस्तारका कारण फोहरमैलाको मात्रा समेत थप बढदै गएको, बजार व्यवस्थापन समितिले फोहरमैला जम्मा गरी जलाउने गरेको कारण थप बायू प्रदुषण भई जनताको स्वास्थ्यमा प्रतिकुल असर पारेको र अहिले तत्काल फोहरमैला व्यवस्थापन नगरेमा आगामी दिनमा व्यवस्थापन गर्न अझ कठीन पर्न जाने देखिएकोले तत्काल यस सम्वन्धमा व्यवस्थापन गर्न फोरहमैला प्रशोधन केन्द्र स्थल खोज गरी यस गाउँपालिकाको प्रमुख बजार क्षेत्रहरुको फोहरमैला व्यवस्थापन गर्न देहाय वमोजिमको जग्गा व्यवस्थापन समिति गठन गर्ने र सो समितिले माघ महिना भित्र उपयुक्त स्थान खोजी प्रतिवेदन समेत पेश गर्ने गराउने, यस सम्वन्धी अन्य व्यवस्थाका वारेमा आगामी बैठकमा निर्णय गर्ने निर्णय गरियो...............................................

१. भरत राजवंशी, ७ नं. वडाध्यक्ष ..................................................संयोजक

२. कुलबहादुर कार्की, ६ नं. वडाध्यक्ष............................................. सदस्य

३. रितादेवी परियार, गाउँ कार्यपालिका सदस्य..................................सदस्य

४.लक्ष्मी लिम्बु, गाउँ कार्यपालिका सदस्य .......................................सदस्य

५. गंगाप्रसाद राजवंशी ७ न. वडा सदस्य.........................................सदस्य

६. मोहनप्रसाद खनाल, ७ नं. वडा सदस्य........................................सदस्य

७. कुमारी वि.क. ७ नं. वडा सदस्य ..............................................सदस्य